Language Code : **13**

इस पुस्तिका में **16** मुद्रित पृष्ठ हैं।
This booklet contains **16** Printed pages.

# JSS-24-II

**प्रश्न-पत्र-II / PAPER-II**

**नेपाली भाषा परिशिष्ट**

**Nepali Language Supplement**

**भाग-IV & V / PART-IV & V**

**मुख्य परीक्षा पुस्तिका संख्या / Main Test Booklet No.**

**मुख्य परीक्षा पुस्तिका कोड / Main Test Booklet Code**

**I**

**इस परीक्षा पुस्तिका को तब तक न खोलें जब तक कहा न जाए।**
**Do not open this Test Booklet until you are asked to do so.**
**इस परीक्षा पुस्तिका के पिछले आवरण (पृष्ठ 15 व 16) पर दिए निर्देशों को ध्यान से पढ़ें।**
**Read carefully the Instructions on the Back Cover (Page 15 & 16) of this Test Booklet.**

**नेपाली में निर्देशों के लिए इस पुस्तिका का पृष्ठ 2 देखें। / FOR INSTRUCTIONS IN NEPALI SEE PAGE 2 OF THIS BOOKLET.**

## परीक्षार्थियों के लिए निर्देश

1. यह पुस्तिका मुख्य परीक्षा पुस्तिका की एक परिशिष्ट है, उन परीक्षार्थियों के लिए जो **या** तो भाग IV (भाषा I) **या** भाग V (भाषा II) **नेपाली** भाषा में देना चाहते हैं, लेकिन **दोनों नहीं**।
2. परीक्षार्थी भाग I एवं भाग II **या** III के उत्तर मुख्य परीक्षा पुस्तिका से दें और भाग IV व V के उत्तर उनके द्वारा चुनी भाषाओं से।
3. अंग्रेज़ी व हिन्दी भाषा पर प्रश्न मुख्य परीक्षा पुस्तिका में भाग IV व भाग V के अन्तर्गत दिए गए हैं। भाषा परिशिष्टों को आप अलग से माँग सकते हैं।
4. इस पृष्ठ पर विवरण अंकित करने एवं उत्तर पत्र पर निशान लगाने के लिए **केवल काले/नीले बॉल पॉइंट पेन** का प्रयोग करें।
5. इस भाषा पुस्तिका का **संकेत** है **I**। यह सुनिश्चित कर लें कि इस भाषा परिशिष्ट पुस्तिका का संकेत, उत्तर पत्र के **पृष्ठ-2** एवं मुख्य परीक्षा पुस्तिका पर छपे संकेत से मिलता है। अगर यह भिन्न हो, तो परीक्षार्थी दूसरी भाषा परिशिष्ट परीक्षा पुस्तिका लेने के लिए निरीक्षक को तुरन्त अवगत कराएँ।
6. इस परीक्षा पुस्तिका में **दो** भाग IV और V हैं, जिनमें **60** वस्तुनिष्ठ प्रश्न हैं, जो प्रत्येक 1 अंक का है :
   भाग-IV : भाषा-I (नेपाली) (प्र. 91 से प्र. 120)
   भाग-V : भाषा-II (नेपाली) (प्र. 121 से प्र. 150)
7. भाग-IV में भाषा-I के लिए 30 प्रश्न और भाग-V में भाषा-II के लिए 30 प्रश्न दिए गए हैं। इस परीक्षा पुस्तिका में केवल नेपाली भाषा से संबंधित प्रश्न दिए गए हैं। **यदि भाषा-I और/या भाषा-II में आपके द्वारा चुनी गई भाषा(एँ) नेपाली के अलावा है तो कृपया उस भाषा वाली परीक्षा पुस्तिका माँग लीजिए। जिन भाषाओं के प्रश्नों के उत्तर आप दे रहे हैं वह आवेदन पत्र में चुनी गई भाषाओं से अवश्य मेल खानी चाहिए।**
8. **परीक्षार्थी भाग-V (भाषा-II) के लिए, भाषा सूची से ऐसी भाषा चुनें जो उनके द्वारा भाषा-I (भाग-IV) में चुनी गई भाषा से भिन्न हो।**
9. रफ कार्य परीक्षा पुस्तिका में इस प्रयोजन के लिए दी गई खाली जगह पर ही करें।
10. सभी उत्तर केवल OMR उत्तर पत्र पर ही अंकित करें। अपने उत्तर ध्यानपूर्वक अंकित करें। उत्तर बदलने हेतु श्वेत रंजक का प्रयोग निषिद्ध है।

## INSTRUCTIONS FOR CANDIDATES

1. This booklet is a supplement to the Main Test Booklet for those candidates who wish to answer **EITHER** Part IV (Language I) **OR** Part V (Language II) in **NEPALI** language, but **NOT BOTH**.
2. Candidates are required to answer Part I and Part II **OR** III from the Main Test Booklet and Parts IV and V from the languages chosen by them.
3. Questions on English and Hindi languages for Part IV and Part V have been given in the Main Test Booklet. Language Supplements can be asked for separately.
4. Use **Black/Blue Ball Point Pen only** for writing particulars on this page/marking responses in the Answer Sheet.
5. The CODE for this Language Booklet is **I**. Make sure that the CODE printed on **Side-2** of the Answer Sheet and on your Main Test Booklet is the same as that on this Language Supplement Test Booklet. In case of discrepancy, the candidate should immediately report the matter to the Invigilator for replacement of the Language Supplement Test Booklet.
6. This Test Booklet has **two** Parts, IV and V, consisting of **60** Objective Type Questions, each carrying 1 mark :
   Part-IV : Language-I (Nepali) (Q. 91 to Q. 120)
   Part-V : Language-II (Nepali) (Q. 121 to Q. 150)
7. Part-IV contains 30 questions for Language-I and Part-V contains 30 questions for Language-II. In this Test Booklet, only questions pertaining to Nepali language have been given. **In case the language/s you have opted for as Language-I and/or Language-II is a Language other than Nepali, please ask for a Test Booklet that contains questions on that language. The language being answered must tally with the languages opted for in your Application Form.**
8. **Candidates are required to attempt questions in Part-V (Language-II) in a language other than the one chosen as Language-I (in Part-IV) from the list of languages.**
9. Rough work should be done only in the space provided in the Test Booklet for the same.
10. The answers are to be recorded on the OMR Answer Sheet only. Mark your responses carefully. No whitener is allowed for changing answers.

परीक्षार्थी का नाम (बड़े अक्षरों में) : ____________________
Name of the Candidate (in Capitals) :

अनुक्रमांक : (अंकों में) / Roll Number : in figures ____________________
: शब्दों में / in words ____________________

परीक्षा केन्द्र (बड़े अक्षरों में) : ____________________
Centre of Examination (in Capitals) :

परीक्षार्थी के हस्ताक्षर : ____________________ निरीक्षक के हस्ताक्षर : ____________________
Candidate's Signature : Invigilator's Signature :

Facsimile Signature Stamp of
Centre Superintendent : ____________________

Language Code : **13**

यस पुस्तिकामा **16** पृष्ठ छन्।

# JSS-24-II

**प्रश्नपत्र-II**

**नेपाली भाषा परिशिष्ट खण्ड**

**भाग IV र V**

परीक्षा पुस्तिका सङ्केत

**I**

**यो परीक्षा पुस्तिका तब मात्र खोल्नु होस् जब तपाईँलाई खोल्न भनिन्छ।**

**यस परीक्षा पुस्तिकाको पछिल्लो आवरणमा ( पृष्ठ 15 व 16 ) दिइएको निर्देश ध्यानले पढ्नु होस्।**

**परीक्षार्थीहरूका लागि निर्देश :**

1. यो पुस्तिका मुख्य परीक्षा पुस्तिकाको परिशिष्ट हो। ती परीक्षार्थीहरूका लागि जसले **कि** त भाग IV (भाषा I) **कि** भाग V (भाषा II) **नेपाली** भाषामा दिन सक्छन् तर **दुवैमा होइन**।
2. परीक्षार्थीले भाग I, II, III का उत्तर मुख्य परीक्षा पुस्तिकाबाट दिनु पर्छ र भाग IV र V का उत्तर उनीहरूले छानेको भाषाबाट।
3. अङ्ग्रेजी र हिन्दी भाषामा यी प्रश्न मुख्य परीक्षा पुस्तिकामा भाग IV र V अन्तर्गत दिइएका छन्। भाषा परिशिष्ट तपाईँ अलग्गै माग्न सक्नु हुने छ।
4. यस पृष्ठमा विवरण अङ्कित गर्न एवं उत्तर पुस्तिकामा चिह्न लगाउनका लागि **केवल निलो/कालो बल पोइन्ट पेन** मात्रै प्रयोग गर्नु होस्।
5. यो भाषा पुस्तिकाको **सङ्केत I** हो। के सुनिश्चित गर्नु होस् भने यो भाषा परिशिष्ट पुस्तिकाको सङ्केत, उत्तरपत्रको **पृष्ठ-2** एवं मुख्य परीक्षा पुस्तिकामा छापिएको सङ्केतसित मिल्छ। यदि यो भिन्नै छ भने परीक्षार्थीले दोस्रो भाषा परिशिष्ट परीक्षा पुस्तिका लिनका लागि निरीक्षकलाई तत्कालै जनाउनु पर्ने छ।
6. यस पुस्तिकामा **दुई** भाग IV र V छन्, जसमा **60** वटा वस्तुनिष्ठ प्रश्न छन् र ती प्रत्येक 1 अङ्कका छन्।

   **भाग - IV : भाषा - I ( नेपाली )** *(प्र 91 बाट प्र 120)*

   **भाग - V : भाषा - II ( नेपाली )** *(प्र 121 बाट प्र 150)*
7. **भाग - IV** मा भाषा - I का लागि 30 प्रश्न र भाग - V भाषा-II का लागि 30 प्रश्न दिइएका छन्। **यदि तपाईँको भाषा I वा II नेपालीका अतिरिक्त छ भने कृपया त्यस भाषासित सम्बन्धित परीक्षा पुस्तिका माग्नु होस् जुन तपाईँको आवेदन पत्रमा अङ्कित थियो।**
8. **परीक्षार्थीले भाग V ( भाषा II ) का लागि भाषा सूचीबाट यस्तो भाषा छान्नु पर्छ जो उनीद्वारा भाषा I (भाग IV) मा छानिएको भाषाबाट भिन्न होस्।**
9. कच्चा काम परीक्षा पुस्तिकामा दिइएको खाली स्थानमा नै गर्नु होस्।
10. सबै उत्तर केवल **OMR** उत्तर पत्रमा अङ्कित गर्नु होस्। आफ्नो उत्तर ध्यानपूर्वक अङ्कित गर्नु होस्। उत्तर बदल्नका लागि श्वेतरञ्जकको प्रयोग निषेध छ।

विद्यार्थीको नाम (ठुलो अक्षरमा) : ____________________

अनुक्रमाङ्क : अङ्कमा : ____________________

: शब्दमा : ____________________

परीक्षा केन्द्र : ____________________

परीक्षार्थीको हस्ताक्षर : ____________________ निरीक्षकको हस्ताक्षर : ____________________

Facsimile signature stamp of
Centre Superintendent ____________________

परीक्षार्थीहरूले **भाषा–I** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **भाग–IV** ( **प्रश्न 91–120** ) का प्रश्नहरूका उत्तर दिनु पर्ने छ।

Candidates should attempt the questions from **Part-IV (Q.No. 91-120)**, if they have opted **NEPALI** as **Language-I** only.

## PART-IV

## LANGUAGE-I

## NEPALI

परीक्षार्थीहरूले **भाषा-I** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **भाग-IV ( प्रश्न 91-120 )** का प्रश्नहरूका उत्तर दिनु पर्ने छ।

**तलको अनुच्छेद पढेर दिइएका प्रश्नहरू (91 - 99) का सही उत्तर चिन्हित गर्नु होस्।**

ललित कलाको एउटा प्रमुख रूप साहित्य हो र साहित्यको एउटा शाखा कथा हुनाले कथा पनि एक किसिमको कला हो। कथा मानवजीवनमा घटित हुने यथार्थ वा सम्भाव्य किसिमका घटनाहरूको वर्णनमै आधारित हुने हुनाले यसलाई एक किसिमले मानव जीवन जत्तिकै पुरानो साहित्यिक रूप मानिन्छ। हुन पनि प्राचीन कालदेखि अहिलेसम्मको मानव सभ्यतासँग सम्बन्धित विभिन्न रोचक कथाहरू लेखिएका पाइएका छन् र तिनले कथा मानव सभ्यता जत्तिकै पुरानो हो भन्ने कुराको पुष्टि गर्दछन्। पूर्वीय जगत्का वेद, उपनिषद, रामायण, महाभारत जस्ता प्राचीन ग्रन्थहरूका साथै बृहत्कथा, कथासरित्सागर, पञ्चतन्त्र र हितोपदेशमा विभिन्न किसिमका कथाहरू भेटिन्छन्। यसै गरी प्राचीन पाश्चात्य जगत्मा पनि मिश्र देशका जादुगरका कथा, ग्रिस र रोमका इसप नीति कथा, अरबका सहस्र रजनी कथाहरूका साथसाथै यहुदीहरूको ओल्ड टेस्टामेन्ट र क्रिस्चियनहरूको बाइबिलमा पनि थरीथरीका रोचक कथाहरू भेटिन्छन्। मानव सभ्यताको विकाससँगै युग-युगमा आफ्नो स्वरूप फेर्दै आएको कथाले यी पुराना कथामा देखिने आफ्नो स्वरूपलाई आज बद्लिसकेको छ। आज गद्य-साहित्यको प्रमुख हाँगा मानिने कथा संस्कृत साहित्यमा वर्णित 'कथा' नभई अङ्ग्रेजी साहित्यको 'सर्ट स्टोरी' हो। उन्नाईसौँ शताब्दीको सुरुतिर अङ्ग्रेजी साहित्यमा देखापरेको सर्ट स्टोरी वा लघुकथालाई नै आधुनिक कथा मानिन्छ।

**91.** कथा एउटा पुरानो साहित्यिक रूप हो भन्ने कुरा बुझाउन तलको कुन कुराले पुष्टि गर्छ ?

(1) कथामा काल्पनिक घटनाहरूको वर्णन हुन्छ।
(2) पुरानो समयका मानिसहरू कथाको रचना राम्ररी गर्दथे।
(3) वेद, उपनिषद, रामायण, महाभारत सबै नै कथाका ग्रन्थ हुन्।
(4) मानव जीवनका वास्तव तथा हुन सक्ने घटनाहरूको वर्णन कथामा हुन्छ।

**92.** इसपका कथाहरू कस्ता छन् ?

(1) नीतिपरक (2) जादुमयी (3) धर्मप्रचारमूलक (4) नैतिक रूपले निकृष्ट

**93.** 'सहस्ररजनी' पदमा भएको 'सहस्र' शब्दको के अर्थ हुन्छ ?

(1) दस (2) सय (3) हजार (4) सयभन्दा बेसी हजार भन्दा कम

**94.** नेपाली 'आधुनिक कथा' भनी बुझाउन तलको कुन पदावली उपयुक्त छ ?

(1) संस्कृत साहित्यमा वर्णित कथा
(2) अङ्ग्रेजी साहित्यको 'सर्ट स्टोरी'
(3) क्रिस्चियनहरूको 'बाइबिल'
(4) 'पञ्चतन्त्र' र 'हितोपदेश' - बाट विकसित कथाहरू

**95.** साहित्यका सन्दर्भमा कथा के हो ?

(1) कुनै विशेष घटना
(2) युग युग छुट्ट्याउने लेख
(3) मानव जीवनको विकास कथा
(4) एउटा विधा विशेष

**96.** 'थरीथरी' शब्दको निर्माण कसरी भएको छ ?

(1) सन्धि प्रक्रियाले (2) समास प्रक्रियाले (3) द्वित्व प्रक्रियाले (4) सर्ग प्रक्रियाले

97. आधुनिक कथाको प्रारम्भ कहिलेदेखि भएको हो ?

(1) उन्नाईसौँ शताब्दीभन्दा अघि (2) उन्नाईसौँ शताब्दीको पूर्वार्द्धदेखि
(3) उन्नाईसौँ शताब्दीको उत्तरार्द्धदेखि (4) उन्नाईसौँ शताब्दीपछि

98. 'हाँगा' शब्दको पर्यायवाची चिन्नु होस् :

(1) लता (2) काण्ड (3) वृक्ष (4) शाखा

99. तलका मध्ये कुन कथन सही छ ?

(1) कथालाई एक प्रकारको कला मान्न सकिन्छ।
(2) कथालाई कला मान्न सकिँदैन।
(3) कथा भनेको साहित्येतर विषय हो।
(4) कथाले कहिल्यै रूप फेरेको छैन।

**तलको कविता पढेर दिइएका प्रश्नहरू (100 - 105) का सही उत्तर चिन्हित गर्नु होस्।**

लाग्दछ मलाई रमाइलो मैरै पाखा पखेरो
हिमालचुली मन्तिर पानी भर्ने पँधेरो।
लेकै हेरूँ लाली गुराँस बैँसी हेरूँ प्याउली
पिरती बास्ने परेवा विरह बोल्ने न्याउली
हिमाल छुन्छ बेलुकी सप्तर्षिको पाँतीले
जुनेली रात बिताउँछन् गाउँदा गाउँदा साथीले।
सम्झन्छु म हिमचुली आँसुका ढिका खसाली
यो बिरानो मुलुकमा बस्दैन माया बसाली
नौडाँडाको पारीमा प्रीतिको देश छ मेरो
दिलमा घाम नलागे जगत सारा अँधेरो।

100. तलका मध्ये कुन शब्द युग्म 'पाखा पखेरो' जस्तै सुहाउँदो जोडी हुन सक्छ ?

(1) टाढा टाढा (2) मिठो मसिनो (3) आउनु जानु (4) सानो ठुलो

101. 'सप्तर्षि' – ले कवितामा के बुझाएको छ ?

(1) सातजना ऋषिहरूको समूह
(2) हिमाली क्षेत्रमा बस्ने सात प्रकारका जात–जाति
(3) ध्रुवतारालाई परिक्रमा गर्ने सातवटा ताराको समूह
(4) सङ्गीतका सात सुर मिलेर बनेको मूर्च्छना

102. यस कविताका कवि कहाँ छन् ?

(1) हिमालचुली मन्तिर (2) आफ्नो घर गाउँदेखि टाढा
(3) नौडाँडा पारी देशको अर्को छेउमा (4) कुनै पहाडी मुलुकमा

103. यस कवितामा कस्तो भाव अभिव्यक्त भएको छ ?

(1) परदेशप्रतिको घृणा (2) परदेशप्रतिको माया
(3) हिमालप्रतिको वितृष्णा (4) स्वदेशप्रतिको माया

104. तलका मध्ये कुनमा 'बिरानो' शब्दका पर्यायवाची छन् ?
(1) विपन्न, मरुमय (2) एक्लो, भयावह (3) परचक्री, कष्टप्रद (4) पराई, अचिनारु

105. 'दिलमा घाम नलागे' भन्नाले के बुझिन्छ ?
(1) मन आनन्दित नभए (2) आफन्तले माया मारे
(3) मानिस वाध्यतामा परे (4) कसैले माया नगरे

106. जाँच अनि मूल्याङ्कनका कारणले शिक्षक, शिक्षार्थी अनि सामग्रीमा हुने प्रभावलाई के भनिन्छ ?
(1) कोर्पस प्रभाव (2) वासब्या प्रभाव (3) कक्षाको प्रभाव (4) सुदृढीकरण

107. विद्यालयहरूले योगात्मक द्विभाषिकता अँगाल्नु पर्छ कारण यसले __________।
(1) नानीको संस्कृति र भाषालाई महत्त्व दिन्छ।
(2) दोस्रो भाषाका रूपमा अङ्ग्रेजी शिक्षणलाई महत्त्व दिन्छ।
(3) नानीको संस्कृतिलाई होइन तर भाषालाई प्रवर्द्धन गर्दछ।
(4) पहिलो भाषाको विकासमा बाधा पुऱ्याउँछ।

108. अनुतान, सुर, बलाघात अनि लय आदि भाषिक प्रकार्यलाई के भनिन्छ ?
(1) कविता (2) छन्द (3) ध्वनितत्त्व (4) व्यवहारज्ञान

109. भारतका भाषाहरूबारे निम्नलिखित कुन कथन सही होइन ?
(1) भारतीय संविधान अनुसार अङ्ग्रेजी एउटा सह-आधिकारिक भाषा हो।
(2) भारतीय संविधानको आठौँ अनुसूचिको सूचि अनुसार 22 वटा भाषाहरू छन्।
(3) संस्कृत एउटा आधुनिक भारतीय भाषा हो।
(4) हिन्दी भारतीय उप-महाद्वीपको सम्पर्क भाषा हो।

110. एउटा भाषा कक्षामा विद्यार्थीहरू शिक्षकको निगरानीमा समूह बनाउँछन् अनि दिइएको विषयबारे एउटा विज्ञापन प्रस्तुत गर्छन्। यस किसिमको भाषा सिकाइलाई के भनिन्छ ?
(1) सहयोगी अध्ययन (2) प्रतिस्पर्द्धा अनि प्रतिद्वन्द्विता
(3) भाषा खेल (4) मार्गदर्शन अनि परामर्श

111. रेस्टोराँमा प्रयोग हुने शब्दावली चिन्न भनी शिक्षिका विद्यार्थीलाई एउटा कार्य गर्न दिन्छिन्। तलका मध्ये कुन चाहिँ पाठको उद्देश्य हुनु पर्छ ?
(1) शाब्दिक एकाईसित शिक्षार्थीलाई परिचित गराउनु
(2) व्याकरणिक एकाईसित परिचित गराउनु
(3) बिदा गन्तव्यबारे पाठको परिचय दिनु
(4) आलोचकीय विचारको विकास गर्नु

112. अध्ययनको कुन सम्प्रदायले विश्वास राख्दछ कि भाषा, चाहे शाब्दिक होस् वा अशाब्दिक, आदत निर्माण प्रक्रियाका माध्यम-ले घटित हुँदछ ?
(1) प्रकार्यवादी (2) व्यवहारवादी (3) संज्ञानवादी (4) अन्तर्क्रियावादी

113. कथामा हुने समय र स्थानलाई के भनेर जान्न सकिन्छ ?
(1) कथ्य (2) कार्यपीठिका (3) कथानक (4) चरम

**114.** एउटा भाषा कक्षामा शिक्षिका एउटा समूहका विद्यार्थीहरूलाई किन्ने, सम्पत्ति बेच्ने, जमिनदार अनि किरायदारको अभिनय गर्न लाउँछिन् अनि अरू विद्यार्थीहरूलाई त्यो हेर्न र उनीहरूको कुराकानीको आनन्द लिन भन्छिन्। यस क्रियाकलापलाई के भनिन्छ ?

(1) भूमिका खेल (2) नाटक (3) अभिनय कक्षा (4) मार्गदर्शन

**115.** कक्षा V का विद्यार्थीहरूलाई पढाउन भनी एकजना शिक्षिका दैनिक व्यवहारका वस्तुहरू जस्तै समाचार पत्र, मेनु कार्ड अनि रेल टिकट लिएर आउँछिन्। पढाउनका लागि उनले के गरिरहेकी छन् ?

(1) आफ्नो शिक्षणलाई धेर वास्तविक अनि उपयोगी बनाउन उनले मानक सामग्रीको प्रयोग गरिरहेकी छन्।

(2) उनले आफ्ना विद्यार्थीहरूलाई एकाधिक भाषाहरू सिक्न सहयोग पुऱ्याउने कोसिस गरिरहेकी छन्।

(3) उनी आफ्ना विद्यार्थीहरूले जीवनका वास्तविक स्थितिमा जस्तै अङ्ग्रेजी भाषा सिकुन् भन्ने चाहन्छिन्।

(4) उनी विद्यार्थीहरूमा सचेतता जगाइरहेकी छन्।

**116.** श्रवण पाठ योजनाका लागि निम्नलिखित कुन चाहिँ महत्त्वपूर्ण उपादान होइन ?

(1) विराम लिनु अनि रेकर्ड गर्नु (2) बोलाइको गति

(3) वक्ताहरूको लैङ्गिकता (4) वक्ताहरूको सङ्ख्या

**117.** भारतमा बहुभाषिकताले शिक्षकलाई के बुझ्ने मनसाय राख्छ ?

(1) सम्पर्क हुन्छ अनि सामाजिक ऐक्यवद्धता कायम रहन्छ।

(2) अल्पसङ्ख्यक भाषाहरूलाई प्रभावशाली भाषाहरूसित सम्मिलित गर्नु पर्छ।

(3) एउटा विविधापूर्ण समाजमा भाषा योजना गरिनु पर्छ।

(4) भाषा, चिनारी र संस्कृति भिन्नभिन्न तत्त्व हुन्।

**118.** भाषाको कुन कौशललाई ग्रहणशील कौशल भनेर जानिन्छ ?

(1) सुन्नु अनि बोल्नु (2) बोल्नु अनि लेख्नु (3) पढ्नु अनि लेख्नु (4) सुन्नु अनि पढ्नु

**119.** श्रवणमा संलग्न रहन्छ –

(1) ध्वनि सुन्नु, ध्वनिलाई जस्ताको तस्तै विकोडन गर्नु

(2) विषयबारे अनुमान लगाउनु

(3) विषयबारे पूर्व ज्ञानको प्रयोग

(4) ध्वनि खुट्ट्याउनु अनि त्यसबाट अर्थ निकाल्नु

**120.** **सूची A** मा राखिएका भाषा शिक्षण विधि र ती सम्बन्धी **सूची B** मा राखिएका विचार वा सम्बन्धित क्रियाकलापको सही जोडा मिलाउनु होस् :

| | **सूची A** | | **सूची B** |
|---|---|---|---|
| (a) | सम्पर्कपरक भाषा शिक्षण | (i) | सामाजिक रूपले स्वीकार्य अनि सान्दर्भिकताका दृष्टिले उपयुक्त भाषा |
| (b) | प्रत्यक्ष विधि | (ii) | मौन पठन |
| (c) | व्याकरण अनुवाद | (iii) | लिखित साहित्यिक पाठहरू |
| (d) | वेस्टको नव विधि | (iv) | आगमनात्मक रूपमा व्याकरण शिक्षण |

(1) (a)-(i), (b)-(iv), (c)-(iii), (d)-(ii) (2) (a)-(iv), (b)-(ii), (c)-(iii), (d)-(i)

(3) (a)-(iii), (b)-(i), (c)-(ii), (d)-(iv) (4) (a)-(ii), (b)-(i), (c)-(iv), (d)-(iii)

परीक्षार्थीहरूले **भाषा–II** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **भाग–V ( प्रश्न 121–150 )** का प्रश्नहरूका उत्तर दिनु पर्ने छ।

Candidates should attempt the questions from **Part-V (Q.No. 121-150)**, if they have opted **NEPALI** as **Language-II** only.

## PART–V

## LANGUAGE–II

## NEPALI

परीक्षार्थीहरूले **भाषा–II** का रूपमा **नेपाली** चयन गरेका छन् भने, उनीहरूले **भाग–V ( प्रश्न 121-150 )** का प्रश्नहरूका उत्तर दिनु पर्ने छ।

**तलको अनुच्छेद पढेर दिइएका प्रश्नहरू (121 - 128) का सही उत्तर चिन्हित गर्नु होस्।**

धर्मग्रन्थले आदर्श मानेका महान् उद्देश्य त साहित्यका पनि उद्देश्य हुन् तर ती उद्देश्यको प्रचार गर्ने क्रियाका धर्मग्रन्थ र साहित्यमा अन्तर छ। धर्मग्रन्थले मानिसको तार्किक स्वभाव सन्तुष्ट नगरी पाण्डित्य दर्साउँदै आफ्नै मत प्रचार गर्दछ। तार्किक स्वभावले बनिएको मानव मस्तिष्क त्यसरी जबर्जस्ती बसालेको सिद्धान्तलाई तर्कको कसीमा नछुवाई स्वीकृति जनाउँदैन। त्यसर्थ अध्यात्मको उत्पत्ति भएको हो। त्यही कारणले होला बढ्दो नवयुवक कवि सेलीले 'नास्तिकताको प्रयोजन' भन्ने निबन्ध लेखेको। उतापट्टि साहित्यले भने समाजलाई दर्पण देखाई हामीलाई हामी को हौँ, के गरिरहेछौँ, हाम्रो प्रस्थान कुन दिशातर्फ गइरहेको छ इत्यादि विषयतर्फ औँलो ठड्याई निर्देश गर्छ। हामी आफ्नो भुल आफै देख्छौँ अनि त्यसको संशोधन आफै गर्न थाल्छौँ। अर्काले स्पष्ट गरेका भन्दा आफ्नै अनुसन्धानले थाहा पाएको भुल सच्चाउनु अहम् भावले पूर्ण भएको मानिसको स्वभाव नै हो। साहित्यमा भएको यही गुणको कदर गर्दै आर्नल्डले कवितालाई 'जीवनको समालोचना' मानेका थिए। कैयौँ विद्वान्‌ले साहित्यलाई दुःखमा सान्त्वना दिने मित्र, भयमा निरापदको छाहारी, विवशतामा आशाको टेवा, एकान्तमा वार्ता गने सङ्गाती र मानसिक अन्धकारको प्रकाश मानेका छन्। यही दृष्टिबाट साहित्य निरीक्षण गरी गेकी जस्ता वैज्ञानिकले 'शिक्षामा विज्ञान' भन्ने भाषणमा आफ्ना श्रोतालाई साहित्यको अध्ययन गर्नू भन्ने सल्लाह दिएका छन्। उक्त गुणहरू पनि विविधांशमा साहित्यमा पाइन्छन्।

**121.** धर्मग्रन्थ र साहित्यमा कहाँनेर समानता छ ?

(1) प्रचारमा (2) क्रियाकलापमा (3) प्रस्तुतिमा (4) उद्देश्यमा

**122.** 'साहित्य' शब्द 'साहित्यिक' हुँदा कुन किसिमको परिवर्तन भएको हुन्छ ?

(1) विशेषणबाट नाम (2) नामबाट विशेषण

(3) विशेषणबाट विशेषण (4) नामबाट नाम

**123.** वैज्ञानिक गेकीले आफ्ना श्रोतालाई साहित्यको अध्ययन गर्नु भनेर किन भने ?

(1) मानिसका प्रत्येक सुख–दुःखमा प्रेमपूर्वक सँगै बसी साहित्यले मित्रवत् व्यवहार गर्ने हुँदा

(2) एउटा साथीले जस्तो साहित्यले आशाको सञ्चार गर्दै मानिसलाई अँध्यारोबाट उज्यालोतिर लाने हुँदा

(3) मानिसलाई परेको कष्ट आफै बुझेर त्यसको निवारणका निम्ति साथी खोजिदिने हुँदा

(4) मानिसमा व्याप्त मानसिक अन्धकार साहित्यले राम्ररी सम्बोधन गर्ने हुँदा

124. साहित्यको भूमिका के छ ?

(1) यसले हामीले आफैलाई महत्त्व दिन सिकाउँछ।
(2) यसले हामी आफैलाई चिनाएर परोक्षतः दिशानिर्देश गर्दछ।
(3) धर्मग्रन्थको विचारसित यो कहिल्यै सहमत हुँदैन।
(4) यसले ऐना देखाएर मानिसलाई धार्मिक हुन प्रेरित गर्दछ।

125. 'प्रस्थान' शब्दको विपरीतार्थक चिन्नु होस् –

(1) आगमन (2) आवागमन (3) आभ्यान्तर (4) आवहन

126. आर्नल्डले कविलाई 'जीवनको समालोचना' किन माने ?

(1) मानिसको मानसिक स्तरको विकास कविताले गर्ने हुनाले
(2) कविताले मानिसलाई सुमार्गमा लैजान प्रत्यक्ष रूपले सहयोग गर्ने हुनाले
(3) कविता र समालोचनाको मानदण्ड एउटै प्रकारको हुनाले
(4) मानिसको मनोवृत्ति बुझेर कविताले मानिसलाई तिनका गुण–दोष चिनाइदिने हुनाले

127. अनुच्छेद अनुसार धर्मग्रन्थले कुन कुरालाई विचार नगरी मत प्रचार गर्छ ?

(1) मानिसको तर्क गर्ने स्वभावको सन्तुष्टि (2) सूचना प्राप्त गर्ने मानिसको स्वभावको सन्तुष्टि
(3) मानिसको अध्यात्म चिन्तनको सन्तुष्टि (4) अतार्किक भई निरपेक्ष बस्ने मानिसको स्वभाव

128. मानिसको स्वभावमा तलको कुन एउटा कुरा पाउन सकिन्छ ?

(1) नास्तिक हुने प्रवृत्ति
(2) अर्काको निर्देशनमा आफ्नो भुल देख्ने प्रवृत्ति
(3) आफैले आफ्नो भुल थाहा पाई सच्चाउने प्रवृत्ति
(4) आफ्नो दोष भेट्न अर्काको सहायता लिने प्रवृत्ति

**तलको अनुच्छेद पढेर दिइएका प्रश्नहरू (129 - 135) का सही उत्तर चिन्हित गर्नु होस्।**

अगमसिंह खत्रीलाई पुराना घरानियाँ क्षत्रीहरूसँग सम्बन्ध जोरेर आफ्नो कुलीनता बढाउनको साह्रै रहर थियो। घरमा बढेकी छोरी पालिराखेका थिए तर विवाह गर्ने घर पाउँदैनथे। मामुली क्षत्रीलाई उनी नदिने, कुलीन क्षत्रीहरू नाकनिक गर्ने। कोही पाइहालियो भने पनि जात खानदान भन्नु मात्रै हुन्थ्यो, टाट भै सकेका घरमा भुटी भाङ नभएका फेला पर्थे। त्यस्ता केटा प्रशस्त दाइजो नपाई विवाह गर्न मन्जुर हुँदैनथे। कतै विवाह गर्छौं भात खाँदैनौं भन्ने प्रश्न उपस्थित हुन्थ्यो। यी अप्ठेरा अप्ठेरा सवालका मारे खत्री बुढा दिक्दार थिए। आफू समानका क्षत्रीयहरू कैयौंजना माग्न आउँथे तर बुढा कसैको कुरा सुन्दैनथे। यस कुरामा तीन–चारचोटि बुढीसँग पनि ठाकठुक भो, कैयौं दिनसम्म बुढाबुढी नबोली बसे, तर उनी नयाँ क्षत्रीसँग प्रभाको विवाह गरिदिन मन्जुर भएनन्। आजकलका उमेरदार ठिटा ठिटीहरू जातभन्दा रूप र सुशीलताको ज्यादा खाएस गर्छन् भन्ने उनलाई ज्ञान थिएन। पुराना विचारका मानिस थिए, आँखाका दुईतर्फ ढकनी लागेका घोडाले केवल सामनेको बाटो मात्र हेरेर सौझै दगुरे झैं उनी पनि जात कुलीनताको पछि पछि दगुरिरहेका थिए।

129. 'ठाकठुक पर्नु' भनेको के हो ?

(1) आफ्नै पाराले कुरा ठिक पार्नु (2) अरूका कुरा सुन्दै नसुन्नु
(3) सर–सल्लाह गरिरहनु (4) झगडा पर्नु

**130.** खत्री बुढाको ठुलो समस्या के थियो ?

(1) कुनै छोरा सन्तान नहुनु
(2) आफू साह्रै बुढो हुनु
(3) छोरीका निम्ति वर नभेटनु
(4) छोरी रूपवती र सुशील नहुनु

**131.** अगमसिंह खत्रीको विचार वा दृष्टि कस्तो थियो ?

(1) पारम्परिक किसिमको, जातभात मान्ने
(2) नवीन परिवर्तनलाई स्वीकार गर्ने, उदार
(3) स्वास्नीका कुरा सुन्ने, आफ्नो विचार नभएको
(4) घोडा हाँक्ने मानिसको जस्तो, बाटो मात्र देख्ने

**132.** तलको कुन पदावलीले 'नाकनिक गर्नु' भन्ने पदावली सँग अर्थगत समानता राख्छ ?

(1) टालटुल पार्नु (2) आनाकानी गर्नु (3) छेउ नपर्नु (4) खोइरो खन्नु

**133.** अगमसिंह खत्रीलाई कस्ता घरका वरसित आफ्नी छोरीको बिहे गरिदिने इच्छा थियो ?

(1) शिक्षित क्षत्री
(2) पुर्ख्यौली सम्पत्ति भएका क्षत्री
(3) कुलीन क्षत्री
(4) नवधनिक क्षत्री

**134.** 'टाट भै सकेका घर' भन्नाले के बुझिन्छ ?

(1) धन-सम्पदाले विपन्न घर
(2) पुरानो-थोत्रो भइसकेको घर
(3) खानदानको बेटुङ्गो भएको घर
(4) जातबाट च्यूत भइसकेको घर

**135.** 'दुईतर्फ' भन्ने पदमा लागेको 'तर्फ' कुन वर्गको शब्द हो ?

(1) नाम (2) निपात (3) क्रियायोगी (4) नामयोगी

**136.** त्यो कुन साधन हो जसले केही सङ्ख्यामा समकालिक (Synchronous) तथा असमकालिक (Asynchronous) अनलाइन शिक्षण अवसरहरू प्रदान गर्दछ ?

(1) पाठ्य पुस्तक (2) रेल टिकट (3) टेलिभिजन (4) प्याडलेट

**137.** रचनात्मक मूल्याङ्कनका लागि कुन साधन उत्कृष्ट छैन ?

(1) एसाइन्मेन्ट
(2) पेपर-पेन्सिल जाँच
(3) परियोजना
(4) कक्षा प्रस्तुति

**138.** भाषा पढाउँदा दैनिक व्यवहारका वस्तुहरूको प्रयोग गर्नुलाई के भनिन्छ ?

(1) रिआलिया (2) भाषा खेल (3) शिक्षण साधन (4) पाठ

**139.** शिक्षामा भाषाबारे भारतको नीति (त्रय भाषा सूत्र) – ले कुन कुराको विकास गर्ने प्रयास गर्छ ?

(1) बहुभाषा शिक्षा (2) एकभाषी शिक्षा

(3) हिन्दीलाई केन्द्रमा राखेर द्विभाषी शिक्षा (4) मातृभाषा आधारित बहुभाषिकता

**140.** टप डाउन विधिबारे तलको कुन चाहिँ सही छैन ?

(1) श्रोताहरू आफ्नो पृष्ठभूमिगत ज्ञानमा भर पर्छन्।

(2) श्रोताहरू अपेक्षित अर्थबारे अड्कल लगाउँछन्।

(3) श्रोताहरू विश्वका ज्ञानको प्रयोग गर्छन्।

(4) श्रोताहरूले प्रत्येक शब्द बुझ्नु आवश्यक छ।

**141.** अन्तर्राष्ट्रिय मातृभाषा दिवस कुन दिन पालन गरिन्छ ?

(1) 1 जनवरी (2) 14 फरवरी (3) 21 फरवरी (4) 13 अप्रेल

**142.** यदि तपाईँ, तपाईँका सहकर्मी जो तपाईँका मित्र हुनु हुन्छ,–लाई ई–मेल लेख्नु हुँदैछ भने तपाईँले लेख्ने ई–मेलको प्रकार चिन्नु होस् :

(1) अनौपचारिक (2) औपचारिक (3) व्यापारिक (4) पत्राचार

**143.** विद्यार्थीको अध्ययन अनि बुझाइ प्रस्ट पार्न शिक्षण–अध्ययन प्रक्रियाको अवधिभरि गरिएको मूल्याङ्कनलाई भनिन्छ :

(1) अध्ययनका लागि गरिने मूल्याङ्कन

(2) अध्ययनको मूल्याङ्कन

(3) अध्ययनमा गरिने मूल्याङ्कन

(4) अध्ययनका रूपमा मूल्याङ्कन

**144.** दोस्रो भाषा कक्षामा शिक्षक 'स्वास्थ्य नै धन हो' भन्ने विषयबारे अडियो सुनाउँछन्। त्यसपछि उनी ह्यान्डआउट्स वितरण गर्छन् अनि विद्यार्थीहरूलाई दिइएका विकल्पबाट सही उत्तर छान्न लगाउँछन्। यस पाठको उद्देश्य शिक्षार्थीहरूलाई कुन कुरामा समर्थ गराउनु हो ?

(1) स्वास्थ्यबारे पाठ सुन्नु (2) कुनै कार्य दिएर शिक्षार्थीहरूलाई व्यस्त राख्नु

(3) विचारको विश्लेषणका लागि सुन्नु (4) स्वास्थ्य र धन सम्बन्धी रहेको पाठ कण्ठस्थ पार्नु

**145.** भाषा सिकाइमा हुने भुलहरूबारे तलको कुन चाहिँ भनाइ सही छैन ?

(1) भुलहरूले भाषा सिक्ने प्रक्रियामा बाधा पुऱ्याउँछन्।

(2) भुलहरू सधैँ नराम्रा हुँदैनन्, सिकाइमा सहयोग पुऱ्याउँछन्।

(3) भुलहरू भाषा सिक्ने प्रक्रियाका महत्त्वपूर्ण पक्ष हुन्।

(4) भुलहरूले दोस्रो भाषा अधिग्रहणको प्रक्रिया बुझ्न सहयोग गर्छन्।

**146.** भाषा शिक्षामा सृजनात्मकता हो :

(1) असीमाङ्कित खुल्ला (Open ended) कक्षा कार्यहरू जसले भिन्न भिन्न व्याख्या र उत्तरहरू मान्य गर्छन्

(2) केही बुझ्नका लागि भिन्न विषयहरूबाट लिइएका तत्त्वहरूलाई गाभ्नु

(3) शिक्षणका नयाँ विविधताहरूको प्रयोग गरी कक्षामा क्रियाकलाप

(4) सम्पर्कपरक भाषा शिक्षणको प्रयोगद्वारा शिक्षा सामग्री

**147.** शिक्षार्थीहरू भाषातर्फ अभिमुख रहनु पर्छ, अनि सिकाइ भइरहेको छ र नै भुलहरू छन् भन्ने कुराका पक्षमा तलको कुनले वकालत गर्छ ?

(1) व्यवहारवादी (2) संज्ञानवादी (3) मानववादी (4) मनोविश्लेषक

**148.** तलका मध्ये कुन कुन भनाइ सही छन्?

(a) डिस्लेक्सिया पठन–अक्षमता हो।
(b) डिस्ग्राफिया लेखन–अक्षमता हो।
(c) डिस्ग्राफिया पठन–अक्षमता हो।
(d) डिस्लेक्सिया लेखन–अक्षमता हो।

**सही** विकल्प चिन्नु होस् –

(1) केवल (a) सही हो।
(2) (b) अनि (d) सही छन्।
(3) (a) अनि (b) सही छन्।
(4) (c) अनि (d) सही छन्।

**149.** एउटा सरकारी स्कुलकी शिक्षिका रिता कक्षा VII का विद्यार्थीहरूलाई अङ्ग्रेजी पढाउन दृश्य उपकरण र भाषा खेलको प्रयोग गर्छिन्। रिताले शिक्षणको कुन नियमको प्रयोग गरिरहेकी छन्?

(1) स्वाभाविक प्रक्रियाको नियम
(2) अभ्यास अनि बानी विकासको नियम
(3) प्रेरणा अनि रुचिको नियम
(4) जीवनसित सम्बद्ध गराउने नियम

**150.** जीव जन्तु मुख्य पात्र भएका अनि सुस्पष्ट नीति शिक्षा प्रदान गर्ने कथालाई के भनिन्छ?

(1) स्वैरकल्पना (2) पशुकथा (3) विज्ञान कथा (4) नियात्रा

**- o O o -**

**SPACE FOR ROUGH WORK**

**तल दिइएको निर्देशन ध्यानले पढ्नु होस्**

1. प्रश्नहरूका उत्तर कुन प्रकारले दिनु पर्ने हो भन्नेबारे उत्तर–पुस्तिकामा राम्ररी बुझाइएको छ, उत्तर दिनुभन्दा अघि ती राम्ररी पढ्नु होस्।

2. OMR को दोस्रो पातोमा दिइएका चार वैकल्पिक उत्तरहरूमध्ये केवल एउटा शुद्ध वृत्तलाई **निलो/कालो बल पेनले भरेर कालो** पार्नु होस्। एकपटक उत्तर कालो पारेपछि त्यसलाई सच्च्याउन पाइने छैन।

3. परीक्षार्थीले उत्तर पुस्तिका भाँचभुच गर्न पाउने छैनन्। कुनै पनि उत्तरमाथि कोरकार गर्न पाउने छैनन्। निर्दिष्ट गरिएको बाहेक अन्यत्र कतै आफ्नो रोल नम्बर लेख्न पाइने छैन।

4. उत्तर पत्र तथा परीक्षा पुस्तिकालाई विशेष रूपले ध्यान दिनु होस्। कुनै कारणवश परीक्षा पुस्तिका र उत्तर पत्रको कोड वा सङ्ख्या यताउता परे मात्रै अर्को परीक्षा पुस्तिका दिइने छ।

5. परीक्षार्थीले दिइएको उत्तर पत्र/परीक्षा पुस्तिकामा कोड नम्बर आदि सही ढङ्गले लेख्नु पर्ने छ।

6. OMR उत्तर पुस्तिकामा दिइएका सूचनादि जाँच गर्ने र पढ्ने काम यन्त्रद्वारा गरिने हुँदा कुनै पनि सूचना अधुरो नरहोस् अनि प्रवेश पत्रमा दिइएको सूचनाभन्दा भिन्न पनि नहोस्।

7. परीक्षार्थीले परीक्षाको समयमा कुनै पाठ्यसामग्री, टङ्कित वस्तु, कागज, मोबाइल फोन र अन्य कुनै पनि विद्युतीय सामग्री आदि ल्याउन पाउने छैनन्।

8. मोबाइल फोन, वायरलेस संयन्त्र (स्विच अफ गरिएकै अवस्थामा भए पनि) अनि अन्य वर्जित वस्तुहरू परीक्षा कक्ष/हलमा ल्याउन पाइने छैन। यस निर्देशको पालना नगरिएमा परीक्षा नियमको पालना नगरिएको ठहर गरी कार्वाही गरिने छ, जसमा परीक्षा नै रद्द हुने कुरासम्म संलग्न छ।

9. आवश्यक र उचित समयमा परीक्षार्थीले आफ्नो प्रवेश पत्र देखाउनु पर्ने छ।

10. निरीक्षकको अनुमति बिना परीक्षार्थीले बाहिर जान पाउने छैनन् वा परीक्षा भवन छोड्न सक्ने छैनन्।

11. परीक्षार्थीले उत्तर पुस्तिका नबुझाएसम्म परीक्षा भवन छोड्न पाउने छैनन्। परीक्षा भवन छोड्न अघि निरीक्षक पत्र, उपस्थिति पत्र आदिमा हस्ताक्षर गर्नु पर्ने छ। कुनै परीक्षार्थीले दोस्रो पल्ट उपस्थिति पत्रमा हस्ताक्षर गरेको छैन भने उत्तर पत्र नफर्काएको मानिने छ र यो अनुचित मुद्दा ठहऱ्याइने छ। उपस्थिति पत्रमा दिइएको स्थानमा परीक्षार्थीले आफ्नो देब्रे हातको बुढी औँलाको छाप अवश्य लाउनु पर्ने छ।

12. कुनै पनि विद्युतीय उपकरण राख्नु निषेध छ।

13. परीक्षार्थीले बोर्डले दिएको निर्देशको पूर्ण रूपले पालन गर्नु पर्ने छ। कुनै तरिकाले नियम उल्लङ्घन भएमा बोर्डको नियमअनुसार दण्डको व्यवस्था गरिने छ।

14. प्रश्न पुस्तिकाको कुनै खण्ड च्यात्न वा अलग्गै पारी फटाउन पाइने छैन।

15. **परीक्षाको समाप्तिपछि परीक्षार्थीले सबै प्रकारले उत्तर पुस्तिका परीक्षकलाई बुझाउनु पर्ने छ तब मात्रै परीक्षा भवन छोड्न पाइने छ। परीक्षार्थीले कुनै पनि उत्तर पुस्तिका साथमा लान पाउने छैनन्।**

## निम्नलिखित निर्देशों को ध्यान से पढ़ें :

1. जिस प्रकार से विभिन्न प्रश्नों के उत्तर दिए जाने हैं उसका वर्णन परीक्षा पुस्तिका में किया गया है, जिसे आप प्रश्नों का उत्तर देने से पहले ध्यान से पढ़ लें।
2. प्रत्येक प्रश्न के लिए दिए गए चार विकल्पों में से सही उत्तर के लिए OMR उत्तर पत्र के **पृष्ठ-2** पर केवल एक वृत्त को ही पूरी तरह **नीले/काले बॉल पॉइन्ट पेन** से भरें। एक बार उत्तर अंकित करने के बाद उसे बदला नहीं जा सकता है।
3. परीक्षार्थी सुनिश्चित करें कि इस उत्तर पत्र को मोड़ा न जाए एवं उस पर कोई अन्य निशान न लगाएँ। परीक्षार्थी अपना अनुक्रमांक उत्तर-पत्र में निर्धारित स्थान के अतिरिक्त अन्यत्र न लिखें।
4. परीक्षा पुस्तिका एवं उत्तर पत्र का ध्यानपूर्वक प्रयोग करें, क्योंकि किसी भी परिस्थिति में (केवल परीक्षा पुस्तिका एवं उत्तर पत्र के कोड या संख्या में भिन्नता की स्थिति को छोड़कर) दूसरी परीक्षा पुस्तिका उपलब्ध नहीं करायी जाएगी।
5. परीक्षा पुस्तिका/उत्तर पत्र में दिए गए परीक्षा पुस्तिका कोड व संख्या को परीक्षार्थी सही तरीके से उपस्थिति-पत्र में लिखें।
6. OMR उत्तर पत्र में कोडित जानकारी को एक मशीन पढ़ेगी। इसलिए कोई भी सूचना अधूरी न छोड़ें और यह प्रवेश-पत्र में दी गई सूचना से भिन्न नहीं होनी चाहिए।
7. परीक्षार्थी द्वारा परीक्षा हॉल/कक्ष में प्रवेश-पत्र के सिवाय किसी प्रकार की पाठ्य-सामग्री, मुद्रित या हस्तलिखित, कागज़ की पर्चियाँ, पेजर, मोबाइल फोन, इलेक्ट्रॉनिक उपकरण या किसी अन्य प्रकार की सामग्री को ले जाने या उपयोग करने की अनुमति नहीं है।
8. मोबाइल फोन, बेतार संचार युक्तियाँ (स्विच ऑफ अवस्था में भी) और अन्य प्रतिबंधित वस्तुएँ परीक्षा हॉल/कक्ष में नहीं लाई जानी चाहिए। इस सूचना का पालन न होने पर इसे परीक्षा में अनुचित साधनों का प्रयोग माना जाएगा और परीक्षार्थी विरुद्ध कार्यवाही की जाएगी, परीक्षा रद्द करने सहित।
9. पूछे जाने पर प्रत्येक परीक्षार्थी, निरीक्षक को अपना प्रवेश-पत्र दिखाएँ।
10. केन्द्र अधीक्षक या निरीक्षक की विशेष अनुमति के बिना कोई परीक्षार्थी अपना स्थान न छोड़ें।
11. कार्यरत निरीक्षक को अपना उत्तर पत्र दिए बिना एवं उपस्थिति-पत्र पर दुबारा हस्ताक्षर किए बिना परीक्षार्थी परीक्षा हॉल/कक्ष नहीं छोड़ेंगे। यदि किसी परीक्षार्थी ने दूसरी बार उपस्थिति-पत्र पर हस्ताक्षर नहीं किए, तो यह माना जाएगा कि उसने उत्तर पत्र नहीं लौटाया है और यह अनुचित साधन का मामला माना जाएगा। **परीक्षार्थी अपने बाएँ हाथ के अंगूठे का निशान उपस्थिति-पत्र में दिए गए स्थान पर अवश्य लगाएँ।**
12. इलेक्ट्रॉनिक/हस्तचालित परिकलक का उपयोग वर्जित है।
13. परीक्षा हॉल/कक्ष में आचरण के लिए परीक्षार्थी परीक्षण संस्था के सभी नियमों एवं विनियमों द्वारा नियमित हैं। अनुचित साधनों के सभी मामलों का फैसला परीक्षण संस्था के नियमों एवं विनियमों के अनुसार होगा।
14. किसी भी परिस्थिति में परीक्षा पुस्तिका और उत्तर पत्र का कोई भाग अलग न करें।
15. **परीक्षा सम्पन्न होने पर, परीक्षार्थी हॉल/कक्ष छोड़ने से पूर्व उत्तर पत्र निरीक्षक को अवश्य सौंप दें।** ***परीक्षार्थी अपने साथ इस परीक्षा पुस्तिका को ले जा सकते हैं।***

## READ THE FOLLOWING INSTRUCTIONS CAREFULLY :

1. The manner in which the different questions are to be answered has been explained in the Test Booklet which you should read carefully before actually answering the questions.
2. Out of the four alternatives for each question, only one circle for the correct answer is to be darkened completely with **Blue / Black Ball Point Pen** on **Side-2** of the OMR Answer Sheet. The answer once marked is not liable to be changed.
3. The candidates should ensure that the Answer Sheet is not folded. Do not make any stray marks on the Answer Sheet. Do not write your Roll No. anywhere else except in the specified space in the Answer Sheet.
4. Handle the Test Booklet and Answer Sheet with care, as under no circumstances (except for discrepancy in Test Booklet Code or Number and Answer Sheet Code or Number), another set will be provided.
5. The candidates will write the correct Test Booklet Code and Number as given in the Test Booklet/Answer Sheet in the Attendance Sheet.
6. A machine will read the coded information in the OMR Answer Sheet. Hence, no information should be left incomplete and it should not be different from the information given in the Admit Card.
7. Candidates are not allowed to carry any textual material, printed or written, bits of papers, pager, mobile phone, electronic device or any other material except the Admit Card inside the examination hall/room.
8. Mobile phones, wireless communication devices (even in switched off mode) and the other banned items should not be brought in the examination halls/rooms. Failing to comply with this instruction, it will be considered as using unfair means in the examination and action will be taken against the candidate including cancellation of examination.
9. Each candidate must show on demand his/her Admit Card to the Invigilator.
10. No candidate, without special permission of the Centre Superintendent or Invigilator, should leave his/her seat.
11. The candidates should not leave the Examination Hall/Room without handing over their Answer Sheet to the Invigilator on duty and sign the Attendance Sheet twice. Cases where candidate has not signed the Attendance Sheet second time will be deemed not to have handed over the Answer Sheet and dealt with as an unfair means case. **The candidates are also required to put their left hand THUMB impression in the space provided in the Attendance Sheet.**
12. Use of Electronic/Manual Calculator is prohibited.
13. The candidates are governed by all Rules and Regulations of the Examining Body with regard to their conduct in the Examination Hall/Room. All cases of unfair means will be dealt with as per Rules and Regulations of the Examining Body.
14. No part of the Test Booklet and Answer Sheet shall be detached under any circumstances.
15. **On completion of the test, the candidate must hand over the Answer Sheet to the Invigilator in the Hall / Room.** ***The candidates are allowed to take away this Test Booklet with them.***